# चुरे राजपत्र

## चुरे गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ७ , संख्याः ५**

कार्यपालसकाबाट स्वीकृत मितिः२०८१/१२/०६ राजपत्रमा प्रकाशित मितिः२०८१/१२/१०


## भाग - २

# कृषक व्यक्तिगत/समूह/समिती व्यवसायिक पशु फर्म अनुदान सहयोग कार्यविधि २०८१

१) प्रस्तावनाः

गाउँपालिका क्षेत्र भित्र पशु पालक कृषक समुह समिति तथा व्यवसायिक फर्महरुलाई गाउँपालिकाले विनियोजित बजेटको सीमा भित्र रही कृषकहरुलाई व्यक्तिगत/समुह/सामति तथा व्यवसायिक पशुपालन फर्मलाई प्रर्वद्धन गर्न, आयआर्जनमा मद्दत पुर्याउन उत्पादकत्व वृद्धि गर्न, स्वच्छ तथा ताजा स्वस्थ्यकर पशु उत्त्पादन गर्न, स्वरोजगारीमा टेवा पुर्याउनको लागि यो सहयोग कार्यविधि कार्यक्रम गर्नका लागि तयार गरिएको छ।

२) संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम कृषक व्यक्तिगत समुह समिती तथा व्यवसायिक फर्म अनुदान सहयोग कार्यविधि, २०८१ रहने छ।

ख) यो कार्यविधि राजपत्रमा प्रकाशित भएपछी प्रारम्भ हुनेछ ।

३) परिभाषाः

**क) कृषकः** पशु पालिएका कृषक बुझ्नु पर्नेछ।

**ख) समुहः** गाउँपालिका क्षेत्रभित्रका गाउँ, टोलमा विधिवत रुपमा दर्ता भएको पशु पालन समुह बुझिनेछ।

**ग) समितिः** पशु पाल्नन गरिएका विभिन्न समुहहरु मिलि बनेको पशुपालन समिति भन्ने बुझनुपर्दछ।

**घ) फर्मः** व्यवसायिक रुपमा पशुपालन गर्ने उद्देश्यले स्थापना गरी विधिवत रुपमा दर्ता भएका व्यक्तिगत साझेदारी वा कम्पनीलाई फर्म भनिनेछ ।

**ङ) पशुः** पशु भन्नाले गाई भैसी/वाखा/बंगुर/कुखुरा टर्की, हाँस, बट्टाई, माछा समेतलाई बुझनु पर्नेछ । साथै पशु सम्बन्धि आहाराका लागि उत्पादन गरिने वोट विरुवाका नर्सरी फर्म, विउ बेर्ना उत्पादनका लागि हिउदे वर्षे, बहु वर्षे घाँस उत्पादन फर्म बुझिनेछ ।

**च) अनुदान सहयोगः** गाउँपालिकाको आन्तरिक श्रोत संघ प्रदेशको शसतं अनुदान रकमको सिमा भित्र रही पुर्ण आशिक साझेदार रकम बुझिनेछ ।

**छ) साझेदारीः** स्थानिय निकायका निश्चित रकम तथा कृषक समुह/समिति तथा फर्महरुले आफ्नो निजी तर्फको लगानी रकम खर्च गरी संचालन कार्यक्रमको रकमलाई साझेधरी रकम कार्यक्रम बुझ्नु पर्नेछ। यसरी साझेदारी कार्यक्रम संचालनका लागि कार्यक्रमको प्रकृति अनुसार शर्त सम्झौता अनुसार साझेदार रकम निर्धारण गरिनेछ।यस अनुदान सहयोग कार्यक्रम अनुसार व्यक्तिगत समुह समिति व्यवसायिक फर्महरुमा निम्नलिखित कार्यक्रम संचालन गरिनेछ।

क) समुह/समितिमा संचालन गरिने कार्यक्रम

- पकेट प्याकेटज कार्यक्रम (आय आर्जन)
- संभावनाका आधारमा बडा, गाउँ, टोलमा नयाँ समुह गठन गरी वा गठन गरिएको समुहमा भेडा/बाख्रा/ बंगुर/कुखुरा/गाई/भैसी आदिको प्याकेजको अवधारणामा कार्यक्रमा संचालन गरिनेछ ।

४) क्रियाकलापहरुः

अ) बाखा/बंगुर/भेडा पालन पकेट प्याकेजः

- सर्वेक्षण तथा स्थान छनौट ।
- समुह गठन ।
- अभिमुखिकरण तालिम ३ दिने ।
- बाखा, बंगर, भेडा, कुखुरा, हाँस खरिद तथा वितरण ।
- पशु विमा ।
- आहारा घाँस सहयोग (घाँसको विउ, बेर्ना, डाले घाँस) वितरण ।
- आन्तरिक/बाह्य परिजिवी तथा खनिज मिश्रण, भिटामिन वितरण ।
- संक्रामक रोग विरुद्ध खोप संचालन कार्यक्रम ।
- समुह व्यवस्थापन खर्च वर्षिक ।
- अनुगमन खर्च ।

आ) गाई/भैसी पकेट प्याकेजः

- सर्वेक्षण तथा स्थान छनौट ।
- समुह गठन ।
- अभिमुखिकरण तालिम ३ दिने ।
- गाई/भैसी खरिद गर्दा ढुवानी अनुदान ।
- गाई/भैसी विमा ।
- पशु बिमा ।
- आहारा सेवा कार्यक्रमः घाँसको विउ, बेर्ना तथा घाँस खेतीमा सहयोग ।
- आन्तरिक तथा बाहय पराजिवी तथा खनिज मिश्रण, भिटामिन वितरण ।
- संक्रामक रोग विरुद्ध खोप संचालन कार्यक्रम ।
- समुह व्यवस्थापन खर्च वार्षिक ।
- अनुगमन खर्च ।

इ) लक्षित विपन्न वर्ग, दलित, सिमान्तकृत/मुक्त कमैया, कमलहरी, हलियामा कार्यक्रम संचालन तथा आय आर्जन । (बाखा, भेडा, बंगुर, कुखुरा, हाँस, बट्टाइ आदि)

- सर्वेक्षण स्थान छनौट ।
- समुह गठन ।
- अभिमुखिकरण तालिम ३ दिने ।
- बाख्रा, भेडा, बंगुर, कुखुरा, हाँस आदि खरिद तथा वितरण।
- पशु बिमा(बाख्रा, भेडा, बंगुर)।
- आहारा घाँस सहयोग (विउ, बेर्ना, डाले घाँस)।
- आन्तरिक तथा बाहय पराजिवी तथा खनिज मिश्रण, भिटामिन वितरण ।
- संक्रामक रोग विरुद्ध खोप संचालन कार्यक्रम ।
- समुह व्यवस्थापन खर्च वार्षिक ।
- अनुगमन खर्च ।

**५) नश्ल सुधारमा सहयोग :**

- बोका, थुमा, विर, राँगो, साँढे खरिदमा अनुवचन ।
- कृत्रिम गर्भाधानमा सहयोग तथा प्रोत्साहन ।
- सुत्केरी प्याकेज आति ।

**६) मागमा आधारित कार्यक्रमः** पशु पालन सम्बन्धि क्रियाकलापहरु ।

७) विविध :

क) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिका बाट निर्णय गराई सोही बमोजिम गरिनेछ ।

ख) संसोधन :- यस कार्यविधिमा कुनै बुदामा संसोधन गर्नु परेमा गाउँ कार्यपालिकाले निर्णय गरि संसोधन गर्न सक्नेछ ।

ग) बचाउ :- यो कार्यविधि लागु हुनु पुर्व भए गरे गरेका काम कारवाही यसै बमोजिम भए गरको मानिनेछ।

घ) बाझिएको हद सम्म अमान्य हुने :- कुनै दफा संघिय तथा प्रदेश कानुन सँग बाझिएको हद सम्म अमान्य हुनेछ।

खण्ड (क)

"पशु विकास कार्यक्रम कार्यन्वयन कार्यविधि २०८१"

१) प्रस्तावनाः-

मुलुकको अतर्थतन्त्रको महत्वपुर्ण स्थान ओगटेको पशु पालन व्यवशय यस कैलाली जिल्ला चुरे गाउँपालिका का अधिकाँसको मुख्य पेशा कृषि तथा पशुपालन भएको पशुपालनका लागि भौगोलिक, सामाजिक दृष्टिकोणले पशुपालनको अवसर तथा सम्भावना भएको गाउँपालिका भएकोले पशु विवान गर्नका लागि विभिन्न कार्यक्रमहरु संचालन गरी पशु उत्पादन, उत्पादकत्व, वृद्धि गरी थप आयआर्जनमा सहयोग पुर्याउनका लागि कृषकहरुलाई प्रोत्साहित गरी स्वरोजगार सृजना गर्न, स्वच्छ, ताजा तथा स्वस्थ्यकर पशुजन्य उत्पादनका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्न आवश्यक छ। उक्त कार्यक्रम संचालनका लागि व्यवसायिक फर्म, समुहः समतिलाई प्रथामिकता दिइनेछ। पशु विकास कार्यक्रम कार्यन्वयन गर्न, कार्यक्रमलाई नियमन तथा कार्यन्वयन गर्न सहज बनाउनका लागि "पशु विकास कार्यक्रम कार्यन्वयन कार्यविधि बाञ्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन, ०७४ को दफा ११ को उप दफ ७ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागु गरिएको छ।

२) संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम पशु विकास कार्यन्वयन कार्यविधि २०८१ रहेको छ ।

ख) यो कार्यविधि राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

३) परिभाषाः

क) पशुः पशु भन्नाले क्षकले पालेका घर पालुवा जनावर सम्झनु पर्छ। सो शब्दले पंक्षी तथा माछा समेत जनाउँछ।

ख) पशु उत्पादनः पशुबाट उत्पादन हुने जम्मा उपज पशु जन्य पदार्थ माछा, मासु, दुध, उन, अण्डा, भुत्ला, छाला आदि सम्झनु पर्छ।

ग) अनुदानः कार्यक्रम संचालनका लागि निशुल्क वा सहभागितात्मक रुपमा उपलब्ध गराइन सहयोग नगद रकम वा वस्तुलाई अनुदान भनिनेछ।

४) लक्ष्यः

क) कृषक, समुह, समिति अन्तर्गत प्रोत्साहित गर्न कार्यक्रम संचालन गरिनेछ ।

ख) समुह, समितिलाई व्यवस्थित एवं सुई गर्न मद्दत पुऱ्याउने ।

ग) स्वरोजगार सृजना गरी आत्म निर्भर बनाउनेछ ।

घ) पशु उत्पादनमा जोड दिइनेछ ।

ङ) पशु पालन व्यवसायहरुलाई व्यवस्थित गरी मर्यादित बनाउनमा जोड दिइनेछ ।

५) उद्देश्यः- पशु विकास कार्यन्वयन कार्यविधिको उद्देश्यहरुः

क) कार्यक्रम संचालन कार्यन्वयन गर्न सहज बनाउन ।

ख) कार्यक्रम नियमन गर्न ।

ग) अनुदान सहयोग गर्न ।

घ) पशु उत्पादन, उत्पादकत्व वृद्धि गर्न ।

ङ) स्वरोजगारीको सृजना गर्न ।

च) पशु पालन, व्यवसायलाई प्रोत्साहित एवं व्यवस्थित बनाई मर्यादित बनाउन ।

**६) पशु विकासका लागि संचालित कार्यक्रमहरुः**

फर्म प्रवर्द्धन कार्यक्रमः पशुलाई व्यवस्थित तरिकाले राखी पालिने गोठको खोर निर्माण सुधार, आहारा व्यवस्थित गर्न विकास गर्न प्रशोधन गर्नका साथै पशुको नश्ल सुधार बजारीकरणका साथै गित तथा दक्षता अभिवृद्धिका लागि तालिम सेवा कार्यक्रम संचालन गरी व्यवसायिक फर्म प्रर्वद्धन कार्यक्रम संचालन गरिनेछ।

**क) गोठ निर्माण सुधारः** व्यवसायिक फर्महरुलाई गोठ खोर निर्माण तथा सुधार कार्यक्रम संचालन गरिनेछ।उक्त कार्यक्रम संचालनको लागि सहभागितात्मक ५०/५० प्रतिशत रकम लगाना गरी कार्यक्रम संचालन गरिनेछ।

**ख) आहारा सुधार कार्यक्रमः** घाँस विस्तार विउ उत्पादनमा सहयोग, साइलेज, निर्माण, भुसा, पराल, व्यवस्थापन, दाना बनाउने उपकरणमा सहयोग नर्सरी स्थापना (डाले, घाँस, बहु वर्षे घाँस आदि) खनिज मिश्रण, फिड एडिटिभ्स आदिमा सहयोग।

**ग) नश्ल सुधारमा सहयोगः** नश्ल सुधारमा सहयोग पचाउन कृत्रिम गर्भाधानमा विशेष जोड दिइनेछ। सेक्स सिमेनको, प्रयोगमा ल्याई गाईमा बाच्छी जन्मिनमा मद्दत पुर्याउने, कृत्रिम गर्भाधान गरेका पशुलाई सुत्केरी भत्ता, प्याकेजमा सहयोग पुर्याउने, प्राकृतिक गर्भाधनका लागि बोका, थुमा, विर तथा राँगो साँढे खरिदमा अनुदान सहयोग।

**७) यान्त्रिकरणः-**

फर्महरुमा यान्त्रिकरणको निति ल्याइनेछ। मिल्किंग मेशिन, आशारा दाना बनाउने मेशिनको प्रयोग, घाँस भुसा प्रशोधनमा मेशिनको प्रयोग तथा सहयोग, घाँस खेतीका लागि यन्त्रको प्रयोग आदि।

८) मागमा आधारित कार्यक्रमहरु संचालन गरिनेछ ।

९) **बजारीकरणः** उत्पादित पशुहरुलाई बजारीकरणमा आवश्यक सहयोग गरिनेछ ।

**१०) तालिम सेवा कार्यक्रमः** व्यक्तिगत कृषक, समुह, समति तथा व्यवसायिक कृषकहरुलाइ सिप दक्षताको विकास एव अभिवृद्धिका लागि तालिम सेवा कार्यक्रम संचालन गरिने छ। तालिम संचालन निम्न अनुसार तालिमहरु उपलब्ध गराइनेछ।

**अ) स्थलगत तालिमः** कृषकहरुको घर दैलोमा, गाउँ टोलमा १ दिने अभिमुखिकरण तालिम संचालन गरिनेछ। स्थलगत तालिमामा २०-२५ जना कृषकहरुलाई सहभागी गराई विषयगत (बाखा, भेडा, कुखुरा, गाई, भैसा, बंगुर, माछा) को तालिम उपलब्ध गराइनेछ।

सहभागी सख्याः २०/२५ जना

स्टेशनरी सामानः डटपेन, नोटकापी १/१ थान

चिया नास्ताः १ पटक

**आ) व्यावसायिक पशुपालन तालिमः** व्यावशायिक पशुपालन तालिम विषयगत तालिम संचालन गरिनेछ। जस्तैः गाई, भैसी, भेडा, बाखा, वंगुर, कुखुरा तथा

माछा आदि व्यवसायिक तालिममा २०-२५ जना सहभागी गराई ३-५ दिन सम्म संचालन गरिनेछ।

सहभागी संख्याः २०-२५ जना

अवधिः ३-५ दिने

स्टेशनरी सामानः नोटकापी, डटपेन १/१ थान

चिया नास्ताः १ पटक (प्रत्येक दिन)

सहभागीलाईः यातायात खर्च (नियमानुसार)

**११) व्यावसायिक पशुपालन तालिम/डेरी सम्बन्धी तालिम तथा बजारीकरणः**

**१२) व्यावसायिक पशुपालन तालिमः** व्यावसायिक पशुपालन तालिम अन्य सिपमुलक तालिम व्यवस्थापन २ हप्ताका लागि पशु सेवा तालिम केन्द्रसँग समन्वय गरी तालिम उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

**१३) कार्यक्रम संचालनका लागि खरिद गरी उपलब्ध गराइने पशुको मापदण्ड ।**

अ) बोका/बाखा/भेडा/थुमाः

क) प्रजनन योग्य ७-८ महिना पुगेका ३ वर्ष भन्दा कम उमेरका बाखा, बोका खरिद गरी वितरण गरिनेछ ।

ख) जिउदो शारिरीक तौल २०-२८ किलो ग्राम भएको ।

ग) प्रजनन विकृति नभएको ।

घ) स्वस्थ्य निरोगी बोका, बाख्रा ।

ङ) स्थानिय हावापानी सुहाउँदो ।

च) उन्नत बोका, बाख्रा खरिद गर्दा ५० प्रतिशत भन्दा बढी जातिय शुद्धता भएको ।

छ) हाडनाता प्रजनन नभएको नपर्ने बोका, बाख्रा ।

आ) बंगुर/सुंगुरः

- ४५-७५ दिन पुगेका पाठोपाठी
- उमेर अनुसार तौल पुगको १५ कि.ग्रा. देखि २५ कि.ग्रा ।

- स्वस्थ्य निरोगी ।
- हाडनाता नपर्ने ।
- वेत मध्येको सबभन्दा राम्रो ।
- प्रजनन विकृति नभएको ।
- जातिय शुद्धता ५० प्रतिशत भन्दा बढी भएको ।
- हावापानी सुहाउँदो जातको ।

इ) गाई/साँढे/भैसी/राँगोः

- प्रजनन योग्य उमेर २.५ दखि ३ वर्ष पुगेको ।
- जातिय शुद्धता ५० प्रतिशत भन्दा बढी भएको
- प्रजनन अंग अन्य शारिरीक विकृति नभएको ।
- निरोगी स्वास्थ्य पशु ।
- उत्पादनका लागि उपयुक्त थुन कल्चौड़ा राम्रा विकास भएको, सकनाशको दुधे नशा स्पष्ट देखिने|
- हाडनाता नपर्ने ।
- हावापानी सुहाउँदो जात ।

ई) कुखुराः

- हावापानी सुहाउँदो जात (न्यू हृयाम्पशायर, अष्ट्रालोप, गिरीराज आदि)
- मासु अण्डा (दुवैको उत्पादन दिने जात)
- १ दिने चल्ला वा ४ हप्ते उमेरका चल्लाहरु ।
- खोप पुरा भएको ४ हप्ते उमेरका चल्लाहरु ।
- खोप पुरा भएको ६ हप्ते उमेरका चल्लाहरु ।
- खोप पुरा भएको ८ हप्ते उमेरका चल्लाहरु ।
- खोप पुरा भएको १० हप्ते उमेरका चल्लाहरु ।

कार्यक्रम संचालनका लागि सर्वसाधारणले जानकारी पाउने गरी सुचना प्रकाशित गरिनेछ। संचार माध्यमबाट पत्राचार गरी जानकारी गराइनेछ।वा संम्बन्धित वडा सँग समन्वय गरि छनौट गरिनेछ ।

## १४) कार्यक्रम छनौट प्रक्रियाः

अनुदान सहयोगका लागि व्यक्तिगत कृषक समुह, समिति तथा व्यावशायिक फर्महरु छनौट गर्दा निम्न प्रक्रियाबाट छनौट गरिनेछ। विशेष पकेट प्याकेज तथा समुह समिति छनौट सदा प्रक्रिया पुर्याई छनौट गरिने छ। कृषक व्यक्तिगत, तालिम सेवा, घाँस वितरण नियमित कार्यक्रमका लागि छनौट समितिबाट छनौट गर्न आवश्यक हुने छैन। पशु सेवा शाखाको अभिलेख अनुसार छनौट गर्न सकिनेछ। विशेष कार्यक्रमका लागि छनौट समिति गठन गदां देहाय बमोजिमका पदाधिकारीहरु रहने गरि छनौट समिति गठन गरिने छ।

| | |
|---|---|
| प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| प्रशासन शाखा प्रमुख प्रतिनिधि | सदस्य |
| लेखा शाखा प्रमुख प्रतिनिधि | सदस्य |
| कृषि बिकास शाखा प्रमुख प्रतिनिधि | सदस्य |
| सहकारी शाखा प्रमुख प्रतिनिधि | सदस्य |
| प्राविधिक फौट पशु सेवा शाखा | सदस्य |
| पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

## १५) छनौट मापदण्डः

क) समुह, समिति, फर्म दर्ता भएको हुन पर्ने

ख) समुह, समिति फर्म क्रियाशिल तथा मापदण्ड अनुसार संचालन भएको ।

ग) एक पटक अनुदान लिङ सकेको सोही कार्यक्रमको लागि अनुदान सहयोग लिन नपाइने तर आवश्यकता अनुसार फरक कार्यक्रमका लागि अनुदानका लागि छनोट गर्न सकिने ।

घ) पशु विमा अनिवार्य रुपमा गरेको हुनु पर्ने ।

ङ) लक्षित वर्ग हुनु पर्ने ।

च) युवा महिला, दलित, जनजातिलाई प्राथमिकता दिने ।

छ) सम्बन्धित वडाको सिफारिस पत्र ।

ज) तोकिएको ढाँचाको नियमानुसारको दरखस्त फाराम

झ) ढांचा अनुसारको प्रस्ताव पत्र

१६) कार्यक्रम कार्यन्वयन प्रक्रियाः

क) कार्यक्रम छनौट समितिले छनौट भएका व्यक्ति फर्म, समुह, समितिलाई जानकारी गराइने छ।सुचना गरिनेछ।तोकिएको अवधि समयमा सम्पर्क हुन नआएमा वैकल्पिकलाई अवसर दिइनेछ वा निजलाई रद्द गरी अर्को सुचना जारी गरिनेछ।

ख) सम्पर्क आएको व्यक्ति, समुह, समिति तथा फर्मसंग कार्यक्रम संचालनका लागि सम्झौता गरिनेछ।

ग) तोकिएको मापदण्ड लागत स्टिमेट अनुसार समयमा कार्यक्रम योजना सम्पन्न गरी भुक्तानीका लागि कागजात पेश गर्नु पर्नेछ।

घ) तोकिएको समय अवधि भित्र कार्य योजना सम्पन्न नगरेमा कार्यालय भुक्तानी दिन बाध्य हुने छैन ।

ङ) कार्य निर्माण भई योजना संचालन भइरहेको सविना जनप्रतिनिधि कार्यालयका कर्मचारी अनुगमन गर्नेछन्। अनुगमन गर्न आउदा कार्य योजना निर्माण अनुगमन गर्न दिनु पर्नेछ ।

१७) कार्यक्रम संचालन आर्थिक नियमावलीः

क) समुह, समिति, फर्ममा वितरण गरिने मापदण्ड अनुसारको पशुको दर रेट निम्न अनुसार निर्धारण गरिएको छ।

ख) बाख्रा जिउदो तौल प्रतिकिलो रु. ४५०-४८०

ग) बोका स्थानिय प्रजनन् जिउदो तौल प्रति किलो रु. ५००।- देखि रु. ६००।-

घ) बोयर बोका, बाख्रा उन्नत ५० प्रतिशत सम्म १,०००।-

ङ) बोयर बोका बाख्रा उन्नत ५० प्रतिशत देखि ७५ प्रतिशत रु. १५००।-

च) बोयर बोका बाख्रा उन्नत ७५ प्रतिशत देखि १०० प्रतिशत सम्म रु. २,५००।- देखि रु. ३,०००।- सम्म

छ) बंगुर ३५-४५ दिनसम्म उमेरको रु. ५.०००।-

ज) बंगुर ४५-६० दिनसम्म उमेरको रु. ६,०००।-

झ) बंगुर ६०-७५ दिनसम्म उमेरको रु. ६,५००।-

ञ) प्रजननको राँगो उन्नत ५० प्रतिशत सम्म रु.४५,०००।-

ट) प्रजननको राँगो उन्नत ७५ प्रतिशत सम्म रु.६०,०००।-

ठ) प्रजननको राँगो उन्नत ७५ प्रतिशत भन्दा बढी सम्म रु.८०,००० देखी १०००००/-

ड) प्रजनन साँढे ५० प्रतिशतसम्म रु. ४०,०००।-

ढ) प्रजनन साँढे ७५ प्रतिशतसम्म रु. ४५,०००।-

ण) प्रजनन साँढे १०० प्रतिशतसम्म रु. ६०,०००।-

त) प्रजनन राँगो, साँढेको उमेर (प्रजनन योग्य) २.५-३ वर्ष देखि ५-६ वर्ष भन्दा बढी नभएको।

थ) भेडाको जिउदो तौल प्रति किलो रु. ३००-३५० सम्म

द) धुमाको जिउदो तौल प्रतिकिलो रु. ३५०-४००।-

**१८) खोप सेवा कार्यक्रमः**

खोप सेवा संचालनका लागि प्राविधिक भेट (जे.टि.ए) जे.टि. भ्याक्सिनेटर नियुक्त गरी खोप सेवा संचालन गर्ने उक्त नियुक्त भ्याक्सिनेटरलाई निम्न अनुसार पारिश्रामिक उपलब्ध गराइने छ।

- गाई/गोरु/पाछापाछी/भैसी/राँगा, पडापाडीको रु. १०।–
- भेडा, बाखा, बोका, धुमा, पाठापाठी प्रतिगोटा रु. ५|-
- बंगुर, सुगुर, विर, पाठापाठी प्रतिगोटा रु. १०।-

**१९) रोग सर्भिलेन्सः**

संक्रामक रोग सर्भिलेन्स कार्यक्रम संचालनका लागि निम्न अनुसार पारिश्रामिक उपलब्ध गराइनेछ। नमूना संकलन रगत सिरम, गोवर, पिशाबको

- ठुला पशु गाई, गोरु, बाच्छाबाच्छी, भैसी, रांगो, पाडापाडी प्रति पशु रु
- साना पशु भेडा, बाखा, बोका, थुमा प्रति पशु रु. १०।–

## खण्ड (ख)

## पशु स्वास्थ्य कार्यन्वयन कार्यविधि २०८१

१) **प्रस्तावनाः-**

चुरे गाउँपालिका कृषि पशु पालन क्षेत्रमा धेरै सम्भावना रहेको क्षेत्र हो। भौगोलिक बनावट दृष्टिकोणले गर्दा सबै किसिमको पशुका लागि आवश्यक आहारा प्रायाप्त मात्रामा पाइने तथा यसको खेती गर्न सकिने अन्नका उप पदार्थहरु पाइनु भएको साथै बजारको खपन र माग बढदो भएकोले सबै किसिमका पशुपालन व्यावसाय अपनाएको पाइन्छ। यद्यपि उक्त पशु पालन व्यावशायलाई व्यावशासीकरण गर्न आवश्यक छ। पशुपालन व्यावशायलाई अझ उत्पादनशिल बनाउन मृत्युदर कम गर्नका लागि पशु स्वास्थ्य सम्बन्धि कार्यक्रम पशु उपचार पशुरोग नियन्त्रणका समस्या तथा चुनौतीहरु छन्। पशु स्वास्थ्य कार्यक्रमलाई व्यवस्थित सहज बनाउनका साथै पशु स्वास्थ्य कार्यक्रमलाई नियमन बनाउन पशु स्वास्थ्य कार्यन्वयन कार्यविधि २०८१ लागु गर्न आवश्यक भएकोले यो "पशु स्वास्थ्य कार्यन्वयन कार्यविधि बाञ्छनिय भएकोल स्थानिय सरकार संचालन ऐन, ०७४ को दफा ११ को उप दफ ७ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागु गरिएको छ।

२) **संक्षिप्त नाम र प्रारम्भः-**

क) यस कार्यविधिको नाम पशु स्वास्थ्य कार्यन्वयन कार्यविधि २०८१ रहेको छ ।

ख) यो कार्यविधि राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

३) लक्ष्यः-

क) रोगी पशुहरुको उपचार व्यवस्था मिलाउने ।

ख) रोग नियन्त्रण तथा रोगथाम न्यूनिकरण गर्ने ।

ग) पशुधनको सुरक्षा गरी उत्पादनमा वृद्धि गर्ने ।

घ) कार्यक्रमलाई नियमन गर्ने ।

४) उद्देश्यः-

क) रोग लागेका पशुहरुलाई उपचार व्यवस्था मिलाई स्वस्थ्य बनाउने ।

ख) पशुहरुमा लाग्ने संक्रामक रोगहरुको रोकथाम तथा नियन्त्रणका उपायहरु अपनाइ रोगको संकमणलाई न्यूनिकरण गर्ने ।

ग) उपचार व्यवस्था मिलाइ रोग नियन्त्रण तथा रोकथाम गरी पशुधन शांत हुनबाट बचाउनका साथै पशुको उत्पादन वृद्धि गराउने।

घ) पशु स्वास्थ्य सम्बन्धि संचालित कार्यक्रमहरुलाई विधिवत रुपमा नियमन गराउने।

**५) पशु स्वास्थ्य सेवा संचालन कार्यक्रम :-**

चुरे गाउँपालिका क्षेत्र भित्र कृषक सेवाग्राहीहरुमा यस पशु स्वास्थ्य सेवा कार्यक्रम संचालन गरिनेछ।

**६) परिभाषा :-**

अर्को अर्थ नलागेमा पशु स्वास्थ्य सेवा संचालनका लागि निम्न अनुसार परिभाषा गरिएको छ।

**क) रोग वा रोगी पशु :-** स्वास्थ्य पशु भन्दा फरक नकारात्मक परिवर्तन भएको अवस्थालाई रोग भनिने छ। कुनै पनि किसिमका नकारात्मक परिवर्तन भएको पशुलाई रोगी पशु भनिनेछ।

**ख) उपचार :-** रोगी पशुहरुलाई स्वास्थ्य अवस्थामा ल्याउन प्रविधि औषधिको प्रयोग गरि गरिने कार्यलाई उपचार भनिनेछ।

**ग) पशु :-** पशु भन्नाले कृषकले पालेका घरेलु तथा जगली जनावरलाइ पशु भनिन्छ। यसले पक्षी तथा माछा लाइ पनि सम्झिनुपर्छ। जस्तै गाई, गोरु, बाच्छा बाच्छी, भैसी रांगा, पाडीपाडा, बाखा, बोका, पाठापाठी, भेडा, बंगूर सुगुर विर, पाठापाठी, घोडा, गधा, खच्चड, उंट, कुकुर, विरालो, छाउरा छाउडी, कुखुरा, हाँस, लोक्ट, टर्की, अंष्टिच, बट्टाई, आदी जंगली जनावर, चित्तल, बदेल, मांछा, आदि।

**घ) कृषक/सेवाग्राही :-** उत्पन्नका लागि पालिएका मनु धनीलाई कृषक उक्त कृपये उपचार सेवा लिन आएका सेवाग्राही बुझ्नु पर्छ ।

ङ) **स्थलगत उपचार** :- चुरे गाउँपालिका पशु सेवा शाखामा कार्यालय समय भित्र पशुहरुलाई उपचार सेवा प्राप्त गर्ने सेवालाई स्थलगत उपचार बुझ्नु पर्नेछ।

च) **निशुल्क उपचार** :- स्थलगत रुपमा लिन आएको सेवा निशु के हुनेछ।उपचार गर्दा लाग्ने प्रविधि/औषधिको शुल्क लाग्ने छैन तर उक्त पेशु रजिष्ट्रेशन (नाम इक चुरे गाउपालिका पशु सेवाका "पशु स्वास्थ्य कार्यन्वयन कार्यविधि" बमोजिम शुल्क बुझाउनु पर्नेछ।

छ) **स्थलगत वाहेकको उपचार सेवा**:- कार्यालय समयमा स्थलगत बाहेकको उपचार सेवा उपलब्ध गराउन कार्यालय बाध्य हुने छैन।तर कार्यालय समय बाहेक कार्यालयको काममा बाधा नपर्ने गरी उपचार सेवा उपलब्ध गराउन सकिनेछ तर उक्त सेवाको अतिरिक्त शुल्क लाग्नेछ ।

**७) उपलब्ध गराइने उपचार सेवा/किसिम :-**

मेडिकल उपचार गाइनोकोलीजिकल उपचार, माइनर सर्जिकल उपचार, भाले पशु बन्ध्याकरण सेवा आदी ।

**८) उपचारका लागि प्रयोग गरिने औषधिका प्रकार :-**

- आन्तरिक बाध्य परजिवीका प्रयोग गरिने औषधीहरु ।
- एन्टीप्रोटोजोवला औषधीहरु ।
- ज्वरो कमगर्ने/दुखाइ कम गर्ने औषधिहरु Analgesic & Anti Pyretic drugs
- एन्टिहिस्टामिन (Antihistamines)
- प्रतिजैविक औषधिहरु Antibiotics drugs)
- घाउ खटिरामा प्रयोग गरिने औषधिहरु
- पाठेघरमा प्रयोग गरिने औषधिहरु
- पाचन प्रणाली प्रभाव पार्न प्रयोग गरिने औषधि जस्तै अपच अरुची, काब्जयत, पटफुलेको पाचन ग्याष्टिक, भोक बढाउने, इमेटिक, एन्टिइमेटिक, परगेटिभ, एन्टिडाइरियल, स्मेनोटिक, एण्टासिड, रुमेन एसिडिफायर, ल्यागजेटिभ आदी ।

- स्वाँस प्रस्वासमा प्रभाव पार्न प्रयोग गरिने औषधिहरु :- एक्स्पेक्टोरेन्ट, म्युक्टोलाइटिक्स, ब्रोन्कोडायलर, एन्टिहिस्टामिन, अस्थमा, कोर्टिकोस्टेराइड, रोस्पिरेटोरो, स्टिनुलेक्ट
- मुत्र प्रणाली प्रभाव पानं प्रयोग गरिने औषधिहरु विभिन्न डायरुटिक्स, एसिडिफाइडग सॉल्ट
- पाठेघरमा प्रभाव पार्न प्रयोग गरिने औषधिहरु :- हार्मोनहरु, एन्टिसेप्टिकर, औषधिहरु, प्रतिजैविक औषधिहरु)
- मांशपेशीमा प्रभाव पार्न प्रयोग गरिने औषधिहरु :- मसल रिलेग्जेण्ट, ननस्टेराइडल, एन्टिइन्फलामेटरी औषधि, कोर्टिकोस्टेराइड, एनालजेसिक आदी
- छालामा प्रभाव पार्न प्रयोग गरिने औषधिहरु :- एन्टिपाइरेटिष्स, एन्टिफङगल, प्रतिजैबिक औषधि
- आखा, कान, नाक तथा घांटीमा प्रभाव पार्न प्रयोग गरिने औषधिहरु घाउ खटिरा, सिष्ट हेमोटोमा मा प्रभावै पानं प्रयोग गरिने औषधिहरु:- एन्टिसेप्टिक, लोशन, मल्हम, जेल, पावडर तथा सहयोगी सामग्रीहरु
- हाड भाच्चिएको, मकिएकोमा प्रभाव पार्न प्रयोग गरिने औषधिहरु लोकल एनीस्थेटिक्स
- प्रतिजैविक औषधिहरु पेनिसिलिन, एम्पिसिलिन, टेट्रासाइक्लिन, स्टेप्टोमाइसिन, जेण्टामाइसिन, एनरोफ्लोक्सासिन, लिभोफ्लोक्सासिन, क्लारमफेनिकोल, इजिथ्रोमाइसिन, केनामाइसित, क्लोरमफेनिकोल, सल्फोनोमाइड, सल्फाडाइजिन

९) रोग निदान (**Disease Diagnosis**):- पशुको रोग समस्या पहिचान गर्न अपनाइने क्रियाकलाप लाई रोग निदान कार्य भनिने छ। उपलब्ध स्रोत साधन प्रविधि अपनाएर रोग निदान गरिनेछ। रोग निदानका लागि निम्न प्रक्रिया अपनाइने छ। रोग निदान हुन नसकेको अवस्थामा माथिल्लो निकायको प्रयोगशालामा पठाउन सकिनेछ |

- इतिहास विवरण आधारमा
- लक्षणको आधारमा

- भौतिक परिक्षणको आधारमा
- गोबर परिक्षण, पिशाव दुध परिक्षण आधारमा
- कुखुराको पंक्षीको शव परिक्षण आधारमा

**१०) प्रयोगशाला सेवा संचालन कार्यक्रम** :- गाउँपालिका पशु सेवा शाखाको उपलब्ध जनशक्ति, श्रोत साधनको सिमा भित्र रही रोग निदानका लागि प्रयोगशाला सेवा कार्यक्रम संचालन गरिनेछ। उक्त प्रयोगशाला सेवा कार्यक्रममा निशुल्क सेवा उपलब्ध गराइनेछ तर रजिष्ट्रेशनका लागि प्रति पशुः प्रति कृषक शुल्क गांउँपालिकाको पशु सेवा शाखाले निर्धारण गरे अनुसार सेवा शुल्क लाग्नेछ।

क) गोवर परिक्षण (च्याप्टो जका (नाम्ले पारमफिस्टोमम्), गोलो जुका, फित्ते जुका, आदी

ख) पिसाव परिक्षण (प्रोटोजोवल संक्रमण लहमुत, हेमाचुरिया)

ग) दुध परिक्षण (थुनेलो परिक्षण)

घ) सब परिक्षण (पंक्षीहरु कखरा, हाँस, बटाई आदी)

ङ) गर्व परिक्षण सेवा :- गाई, भैसीहरुलाई गर्भ रहे नरहेको यकिन गरी व्यवस्थापन, उपचारका लागि गर्भ परिक्षण गरिनेछ। गाई, भैसीमा पाठेघर छामेर गर्भ परिक्षण गरिनेछ ।

च) पशु वन्ध्याकरण :- भाले पशुहरु (राँगो, साँढे, बहर, कोका थुमा बिलाई नश्ल सुधार व्यवस्थापन तथा मास स्तरिय बनाउन परी बन्ध्याकरण गरिनेछ ।

**११) पशु रोग नियन्त्रण तथा रोकथाम सेवा कार्यक्रम** :- गाउँपालिका क्षेत्रभित्रका पशुहरुलाई रोगको संक्रमण हुनबाट बचाउन तथा रोग नियन्त्रण रोकथामका लागि कार्यक्रम संचालन गरिनेछ ।

**क) खोप सेवा कार्यक्रम** :- स्थानिय प्रदेश संघको लक्ष्य कार्यक्रम अनुसार पशुहरुमा संक्रमक रोग भ्यागुत चरचरे खोरेत स्वाइनफिभर बाखा-भेडा पिपिआर रोग बिरुद्ध खोप लगाई रोगको नियन्त्रण तथा रोकथामको कार्यहरु संचालन गरिने छ ।

**ख) रोग सर्भिलेन्स** :- पशुको रोग नियन्त्रणका लागि स्थानिया प्रदेश संघको कार्यक्रम लक्ष्य अनुसार रोग -सर्भिलेन्सको कार्यक्रम संचालन गरिनेछ। रोग सर्भिलेन्सका लागि गन्ना संकलन तथा प्रेषण नियमित अनुगमन, रिपोर्टिङ्ग सम्बन्धि निकायमा गरिनेछ ।

ग) **जैविक सुरक्षा कार्यक्रम (Bio security) :-** रोग नियन्त्रणका लागि पशुहरुको फर्ममा जैविक सुरक्षाको अवलम्वन गर्न, सहयोग पुर्याउनका लागि प्रोत्साहित गर्नु पर्नेछ ।

१२) **विविध :**

क. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिका बाट निर्णय गराई सोही बमोजिम गरिनेछ ।

ख. संसोधन :- यस कार्यविधिमा कुनै बुदामा संसोधन गर्नु परेमा गाउँ कार्यपालिकाले निर्णय गरि संसोधन गर्न सक्नेछ।

ग. बचाउ :-यों कार्यविधि लागु हुनु पुर्व भए गरेका काम कारवाही समेत यसै बमोजिम भए गरेको मानिनेछ।

घ. बाझिएको हद सम्म अमान्य हुने :- कुनै दफा संघिय तथा प्रदेश कानुनसग बाझिएको हद सम्म अमान्य हनेछ ।

## राजश्व संकलन कार्यान्वयन नियमन कार्यविधि २०८१

**१. प्रस्तावना** :-

चुरे गाउँपालिका पशु सेवा शाखा द्वारा सञ्चालित कार्यक्रम दिईने सेवा सुविधा तथा व्यवस्थापन बापत कृषक/व्यवसायिक/फर्म/समुह/समिती/सहकारीहरुलाई राजश्वको दायरा भित्र ल्याउन, अपनत्व, कर्तव्य बोध गराउनका साथै राजश्व संकलनलाई नियमन गर्न **"राजश्व संकलन कार्यान्वयन नियुमन कार्यविधि** बाञ्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन, ०७४ को दफा ११ को उप दफ ७ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागु गरिएको छ ।

**२. संक्षिप्त नाम र प्ररिम्भ** :-

क) यस कार्यविधिको नाम **"राजश्व संकलन कार्यान्वयन नियमन कार्यविधि २०८१"** रहने छ ।

ख) यो कार्यविधि राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

**३. परिभाषा** :- अर्को अर्थ नलागेमा यस शब्दको निम्न अनुसार परिभाषा गरिनेछ ।

**क) पशु** :- पशु भन्नाले कृषकले पालेका घर पालुवा जनावरं सम्झनु पर्नेछ। साथै यसले जंगली जनावर पंक्षी तथा माछा समेतलाई सम्झनु पर्दछ।

**ख) सानापशु** :- साना पशु भन्नाले घर पाल्दा शारिरीक बनावट साना भएका पशु भेडा, वाखा, बंगुर मुंगुर, बोका, थुमा, विर, छतौरा छतौरी, पाठापाठी सम्झनु पर्दछ ।

**ग) ठुला पशु** :- ठुला पशु भन्नले घरपालुवा शारिरीक बनावट ठुला भएका पशु गाई/गोरु, बहर, वाच्छा बाच्छी, भैसी, राँगा, पाडापाडीलाई सम्झनु पर्दछ ।

**घ) धेरै ठुला पशु** : धेरै ठुला पशु भन्नले घरपालुवा शारिरीक बनावट रै ठुला भएका पशु हात्ती उटलाई सम्झनु पर्दछ ।

**ङ) पक्षी** :- दुईवटा खुट्टा भएका पखेटा भएका पशुलाई पंक्षी कुखुरा, हास, टर्की, लौक्ट, वट्टाई, सुगा, मैनाचरी आदिलाई सम्झनु पर्दछ ।

**च) जंगली पशु** : घर पालुवा वाहेक जंगलमा पाईने जंगाली जनावर (वाघ, चितुवा, स्याल, फ्याउरो, व्वासो, हाती, गैडा, भालु, चितल, घोरल, थारल, निलगाई आदि सम्झनु पर्दछ ।

**छ) सोख** (रहरका) लागी पालिनेपशु पशुहरुमा कुकुर, विरालो र पक्षीहरुमा सुगा, मैना चरी आदि।

**ज) पशु पालनफर्म** :- व्यावसायिक रुपमा मुख्य पेशा बनाई पशु उत्पादनका लागी सञ्चालन गरिने स्थल स्थान विशेषलाई फर्म मानिनेछ। पशु पालन फर्म दर्ता कार्यविधि २०७७ अनुसार यी फर्महरुलाई तिन किसिममा विभाजन गरिएको छ।

अ) साना पशु पालन फर्म

आ) मझौला पशु पालन फर्म

इ) ठुला पशु पालन फर्म :-

ई) पशु उत्पादन :- पशुहरुवाट उत्पादन हुने उपनोग गरिने पदार्थलाई पशु उत्पादन सम्भानु पर्दछ ।

उ) फर्म दार्ता :- व्यावसायिक पशु पालन फर्मलीझस्गााउँपालिका पशु सेवा शाखामा विधिवत रुपमा विवरण पेश गरी दर्ता गर्नु पर्नेछ ।

ऊ) फर्म नविकरण :- व्यावसायिक पशु पालन फर्म स्थापना पश्चात निश्चित तोकिएको अवधि भित्र पुनः विधिवत रुपमा विवरण पेश गरी नविकरण गर्नुपर्नेछ।

ए) सिफारिश पत्र : निश्चित विषय वस्तुको बारेमा सम्बन्धित सरोकारवाला निकाय (कार्यालय/संघ संस्थामा) सहयोग सञ्चालनका लागी गरिने पत्राचारलाई सिफारिश पत्रबुझाउनु पर्नेछ ।

४. उद्देश्य :-

क) गाउँपालिका पशु सेवा शाखाबाट कृषक/फर्म/समुह/समितीलाइ सेवा सुविधा व्यवस्थापन वापत राजश्व संकलन गरी राजश्वको दायरा भित्रल्याउने।

ख) राजश्व बुझाउदा कृषक/फर्म/समुह/समितीमा अपनत्व अधिकार जागृत गर्ने ।

ग) सेवा सुविधा व्यवस्थापनलाई मर्यादित, व्यवस्थित बनाउन ।

घ) सेवा सुविधा व्यवस्थापनलाई नियमन गराउन ।

५. लक्ष्य :-

क) कृषक/सेवाग्राही राजश्व संकलन गर्ने ।

ख) कृषक फर्म/समुह/समितीलाई अपनत्व (Ownership) तथा अधिकार जाग्रत गर्ने

ग) सेवा सुविधालाई मर्यादित र व्यवस्थित बनाउने ।

घ) सेवा सुविधालाई नियमन गराउने ।

६. राजश्व संकलन दर भाउ

क) उपचार सेवा :-

अ) घर पालुवा पशु

साना पशु प्रति पशु रु. ५|-

ठुला पशु प्रति पशु रु. २५|-

अति ठुला पशु प्रति पशु रु. २५|-

आ) जगली पशु :

ठुला पशु प्रति पशु २५|-

अति ठुला पशु प्रति पशु रु १५०|-

**इ) सोखका लागी पालिने, पशु** :-

कुकुर/बिरालो रु.५०|-

**ई) पक्षी** :- रु. ५|-

कुखुरा, हाँस, बट्टाई, लौकट प्रतिगोटा रु. १|-

टर्की रु. ५|-, अष्ट्रिच रु. २५|-

**ख) रोग निदान :-**

अ) गोवर जाँचको प्रति पशु

साना पशु प्रति पशु रु ५|-

ठुला पशु प्रति पशु रु २५|-

आ) दुध परिक्षण रु. १०|-

**ग) शव परिक्षण :-**

अ) कुखुरा, हाँस रु २५०-

आ) ठुला पंक्षी रु ५०।-

इ) साना पशु :-रु १५०|-

ई) ठुला पशु :- रु ५००।-

**घ) गर्भ परिक्षण** : गाई, भैसी प्रति पशु रु.२५/-

**ङ) कृत्रिम गर्भाधान सेवा कार्यक्रम** :-

अ) गाई, भैसी, बाखाप्रति पटक प्रति पशु रु २५|-

आ) सेक्स सिमेनको ब्रापतको शुल्क रु. ५००।- देखि रु. १५००।- (सेवा उपलव्ध भएमा)

**च) पशु बन्ध्याकरण शुल्क**

अ) राँगा, साँढे रु. २५|-

आ) बोका, थुमा रु. १५|-

इ) बंगुर, विर रु. ५००।-

**छ) समुह दर्ता शुल्क** रु. पालिकाको आर्थिक ऐन अनुसार

ज) समिती दर्ता शुल्क रु. पालिकाको आर्थिक ऐन अनुसार

झ) पशु पालन फर्म/समिती दर्ता

अ) फर्म दर्ता शुल्क पालिकाको आर्थिक ऐन अनुसार

आ) नविकरण

इ) रगतजांच हेमाचुरिया, बवोमिया प्रतिपशु रु. २५१

ञ) लागत स्टिमेटः-

अ) साना कृषक (व्यक्ति) रु १००/-

आ) साना फर्म रु. २००/-

इ) मझौला फर्म रु. ५००|-

ई) ठूला फर्म रु.१०००/-

ट) सिफारिस पत्र शुल्क रु. निशुल्क

ठ) प्राकृतिक गर्भाधान सेवा शुल्क

समुह/समिती/फर्मले लिन सक्ने गाउँपालिका/ प्रदेश/संघिय सरकारले उपलब्ध गराएको (राँगो, साँढे, बोका) बाट लिने शुल्क समुह समिती वाहिर रु. १०००।-

राँगो/साँढे उन्नत भएमा समुह/समितीभित्र प्रति पशु रु. ५००।-

बोका/थुमा/विर) उन्नत भएमा (समुह/समिती भित्र) प्रति पशु रु. १००/-

समुह समिती बाहिर रु. २००|-

वोयर बोका उन्नत भएमा समुह/समिती भित्र। प्रति पशु रु. २००/-

समूह समिती बाहिर रु. ५००/-

७. विविधः

क. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिका बाट निर्णय गराई सोही बमोजिम गरिनेछ।

ख. संसोधनु :- यस कार्यविधिमा कुनै बुदामा संसोधन गर्नु परेमा गाउँ कार्यपालिकाले निर्णय गरि संसोधन गर्न सक्नेछ ।

ग.बचाउ :- यो कार्यविधि लागु हुनु पूर्व भए गरे गरेका काम कारवाही यसै बमोजिम भए गरेको मानिनेछ।

घ. बाझिएको हद सम्म अमान्य हुने :- कुनै दफा संघिय तथा प्रदेश कानुन संग बाझिएको हद सम्म अमान्य हनेछ |

## अनुसूची १

### संक्षिप्त कार्ययोजनाको ढाँचा

१: व्यवसायको परिचय:

२: कार्यक्रम शुरु हुने मिति:

३: कार्यकम सम्पन्न हुने मिति:

४: लक्षित वर्ग र सम्भावित रोजगारिको विवरण:

५: संचालन गरिने क्रियाकलाप र लागत साझेदारिको विवरण:

| क.स | क्रियाकलाप | इकाई | परिमाण | दर रु | जम्मा रु | लभग्राही तर्फको साझेदारि रकम रु. | स्थानीय तहको साझेदारि रकम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूचि २

लागत साझेदारिमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम संचालनको लागि निवेदन पत्र

मितिः

२०८../../

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यु

चुरे गाउंपालिका घरखेडा कैलालि

विषयः लागत साझेदारिमा पशुपन्छी प्रवर्द्नन कार्यक्रम उपलब्ध गराईदिने बारे ।

महोदय,

यस चुरे गाँउपालिकाका पशु सेवा साखा को मिति २०८../ / गतेको प्रकाशित सूचना अनुसार यस समुह/ समिति/सहकारि संस्थाले पशुपन्छी प्रवर्दन कार्यक्रम बाखा पालन कार्यक्रम संचालन गर्न निम्नानुसार कागजात सहित निबेदन गरेका छौ । कार्यक्रममा साझेदारिको लागि प्राप्त रकमको दरुपयोग नगर्ने प्रतिबद्वता व्यक्त गर्दछौ ।

संलग्न कागजातहरु :

१. समुह, समिति, सहकारी संस्थाको दर्ता प्रमाणपत्र र सहकारि संस्थाको हकमा कृषि, पशुपालन, बाख्रापालन, दुग्ध व्यवसाय संचालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपिहरु

२. समुह, समिति, सहकारि संस्थाको साझेदारि कार्यक्रम संचालन गर्ने निर्णयको प्रतिलिपि

३. समुह, समिति, सहकारी संस्थाका सदस्यहरुको नामावली सम्पर्क मोबाइल न.

४ः अन्य आवश्यक कागजातहरु स्थानिय तहको आवश्यकता अनुसार

अनुसूची-३

(दफा७को (२) सँग सम्बन्धित)

....................................... लागी आवेदकले पेश गर्नेपर्ने प्रस्तावको नमूना

.......................................परियोजना प्रस्ताव

१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धीविवरण :

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना : (पत्रचारको लागी) | |
| संस्थादर्ता भएको मितिः | |
| स्थायी लेखा नं.: | |
| संस्थाको मुख्य उद्देश्यः | |
| प्रोप्राइटर वा अध्यक्षको नाम : | |
| मेवाइल नं: | |
| परियोजना स्थल (कार्य क्षेत्र): | |
| परियोजनाको नाम : | |
| प्रस्तावित आयोजनाको कुलखर्च (यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने): | |
| माग गरेको कुलअनुदान रकम (ने.रु) | |
| अन्य स्रोत वावित्तिय सहकार्यमाकुनै कामभइरहेको भएकुन संस्थाबाट के के उद्देश्यका लागिवित्तिय सहयोग पाउनु भएको छ, खुलाउनुहोस । | |
| प्रस्तावना पेश गर्ने कर्यालयको नाम : | |

२) प्रस्तावनाको औचित्य तथा महत्व :

हलको व्यवसायको अवस्था

| क्र.स. | हालको व्यवसाय | व्यवसायको आकार | वर्षिक उत्पादन (अनुमानित) | वार्षिक कल अनुमानित ( आम्दानि) (रु.) | रोजगारी को सिर्जना |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| जम्मा | | | | | |

**३) अपेक्षित उपलब्धीहरु र वार्षिक उत्पादन विवरण :**

प्रस्तावित व्यवसायका अपेक्षित उपलब्धीहरु तपसिल बमोजिम हुनेछन्-

- व्यवसायको आकार
- वार्षिक उत्पादन
- वार्षिक जम्मा आम्दानी
- रोजगारी सिर्जना

**४) परियोजनाका मुख्य मुख्य कियाकलापहरु :**

| क्र.स | कियाकलाप विवरण | इकाई | परिमाण | | | सम्पन्न गर्न मिति |
|---|---|---|---|---|---|---|
| १ | | | हाल | थप गर्ने | जम्मा | |
| २ | | | | | | |
| | | | | | | |

आवश्यकता अनुसार महल थप गर्नुहोस् ।

**५) फार्मले साझेदारीमा सनंचालन गर्ने कार्यकमको अवधि :-**

**६) खर्च विवरण**

क. स्थिर खर्चको विवरण

कृषि यन्त्र, उपकरणहरु गाडम्यान, भवन, तारबार, पानी व्यवस्थापन आदि संरचना निर्माण तथा पशु वस्तु खरिद पुर्व सन्चालन खर्च आदि ।

| क्र.स | कियाकलाप विवरण | इकाई | परिमाण | दर | जम्मा खर्च रु. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |

आवश्यकता अनुसार थप गर्नुहोस् ।

७.लागत साझेदारीमा संचालन हुने कार्यक्रमहरु र माग गरिएको अनुदान रकमको विवरण

| क्र.स | विवरण | जम्मा खर्च रु. | परियोजनाको पहिलो बर्षको रु. | अनुदान उपलब्ध गराउने संस्था रु. | अनुदानग्राही को लागत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

आवश्यकता अनुसार थप गर्नुहोस् ।

## अनुसुचि ३ क

## मुल्याँकन सम्बन्धी लागत

संख्या बढीमा १ साझेदारिमा पशुपन्छी प्रवर्द्धन कार्यक्रममा सहभगिका लागि साझेदार छनौटका आधारहरु मुल्यांकन गर्ने आधारहरु स्थानिय आवश्यकता अनुसार प्रति अक भार ५ देखि २० सम्म राखेर पुर्णांक १००मा मुल्यांकन गर्नु पर्ने छ।

१ःस्थानको उपयुक्तता सामाजिक, भौगोलिक एवं बातावरणिय दृष्टिकोणले सम्भाब्यता बढीमा ५ अंक

२ः पुर्वाधार विकास एवं विकासका सम्भावनहरु बढिमा ५ अंक

३ः हाल संचालित कार्यक्रम एवं कृयाकलापहरुको अबस्था एवं अवसरहरु

कः आबेदक समूह वा सहकारिका कम्तीमा पनि आधा सदस्यले हाल पनि पशुपालन गरिरहेको भए बढिमा १० अंक

खः बजार तथा बजारिकरणको सहजता बढीमा १५ अंक

४ः कार्यक्रमको लागि आवश्यक योग्यता तालिम एवं अनुभव

कः विगत २ बर्ष देखि पशुपालन व्यवसाय दर्तावाला गरिरहेको भए बढीमा १५ अंक

खः १ बर्ष वा सो भन्दा कम भए बढीमा १० अंक

गः समुह दर्ता हुदाको बखत देखि समुहको सदस्यको रुपमा आफनै प्रविधिक कम्तीमा भेटेरीनरी जे.टि.ए भएको भए बढीमा १० अंक

५ः पेश गरेको संक्षिप्त कार्ययोजना र कार्ययोजनामा प्रस्ताब गरेको साझेदारि रकम १० अंक

६ः जैबिक सुरक्षा तथा वातावरणीय अवस्था बढीमा ५ अंक

७ः समुह, समिति, सहकारी मा रहेका एकल महिला, दलित, जनजाती तथा सिमान्तकृत कृषकहरु विदेश बाट फर्किएका युवाहरुको ५ अङ्क

## अनुसूची ३ ख

## मुल्यांकन सम्बन्धी

लागत साझेदारिमा पशुपन्छी प्रवर्द्धन कार्यक्रममा सहभागिताका लागि साझेदार छनौटका अधारहरु बाख्रापालनका लागि मूल्यांकन गर्ने आधारहरुः

| क्र.स | मापदण्ड | अधिकतम नम्बर | नम्बर प्रदान गर्ने आधार र नम्बर भार | कैफियत |
|---|---|---|---|---|
| १ | बाख्रापालन कार्यकालागि समुह, सहकारि रहेको स्थानको उपयुक्तता | २० | १ः बाटोको सुविधाः प्रकृति हेरि अधिकतम १० नम्बर, २ःजग्गाको प्रकृक्ति र त्यहाको भौतिक पूर्वाधार बढीमा ५ नम्बर ३.विद्धत सुविधाःफेज | |

| | | | | |
|---|---|---|---|---|
| | | | अनुसार अधिकतम ५ नम्बर | |
| २ | बाख्रापालन कार्यमा सहकारि, समूह को अनुभब | १५ | १ः प्रति बर्ष ५ का दरले अधिकतम १५ नम्बर | |
| ३ | पेश गरेको संक्षिप्त कार्ययोजनामा प्रस्ताब गरेको साझेदारि रकम | २५ | १ः संक्षिप्त कार्ययोजना को सान्दर्भिकता र उपयुक्तता अबस्था हेरि अधिकतम १५ नम्बर<br>२ः साझेदारि रकम : प्रतिसतको आधारमा बढि साझेदारि गर्ने लाई अधिकतम १० नम्बर | |
| ४ | बाख्रापालन खोर सुधार घाँस खेति गरे पछि थप बाख्राको परिमाण | ४० | प्रतेक २. ५ प्रतिशत सम्भाव्य बुद्धिका लागि १ नम्बरका दरले बढिमा ४० नम्बर | |
| | जम्मा | १०० | | |

## द्विपक्षीय सम्झौता पत्र

चुरे गाउँपालीकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा पशुपन्छी प्रवर्धन कार्यक्रम सन्चालन गर्ने श्री चरे गाउँ कार्यपालिकाको कार्यालय घरखेडा कैलाली (यस पछी प्रथम पक्ष भनिने) श्री ................ समिती (यसपछी दोस्रो पक्ष भनिने) बीच तपशिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरि द्विपक्षीय सम्झौता गरि दियौ / लियौ।

**तपशिल**

१. प्रथम पक्षले चरे गाउँपालिका लागत साझेदारी कार्यक्रमको लागी विनीयोजित रु. मध्य दोस्रो पक्षसंग रु. (अक्षरुपी लाख) बराबरको रकम साझेदारी गर्नेछ ।

२. दास्रो पक्षले साझेदारी वापतको बाँकी रकमको व्यबस्था गरी कैलाली जिल्ला चुरे गा.पा वडा नं. र मा यसै बर्षको अन्त्य सम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।

३. दास्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत संक्षिप्त कार्ययोजना बमाजिम सम्पूण कार्यहरु प्राविधिक मापदण्ड/नर्मसको अधिनमा रहि सम्पन्न गर्नेछ ।

४. कार्यक्रम संचालनका लागी आवश्यक निर्माण सम्बन्धी डिजाइन, ईष्टिमेट, सुपरभिजन, बिल भरपाइ र कार्य सम्पन्न प्रतिबेदन लगायतका कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, संचालन र जग्गाको व्यबस्था आदि दोस्रो पक्षले गर्नेछ।

५. दास्रो पक्षले सुरुमा आफनो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको बिल भरपाई, कार्य सम्पन्न प्रतिवेदन र आबश्यक अन्य कागजात सहित भुक्तानीका लागी प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राबिधिक प्रतिबेदनको आधारमा मनासिव ठहरे दोस्रो पक्षको बैंक खातामा एक मुष्ठ भुक्तानी दिनेछ।

६. मान्यता प्राप्त प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिबेदन र स्थलगत प्राविधिक प्रतिबेदनको आधारमा मनासिब ठहरे दुई बराबर किस्ता वा सम्पूर्ण कार्य सम्पन्न भएमा एकै किस्तामा समेत सझेदारी रकम भुक्तानी बैङ्क खाता मार्फत गर्नेछ । कार्यक्रम सम्बन्धी प्राविधिक सेवा टेवा समन्वय र सहजिकरण प्रथम पक्षले गर्नुपर्ने छ ।

७. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन / निरिक्षण गरि सम्झौता मुताबिक कार्य भए/नभएको हेर्न र र आवश्यक सल्लाह सुझाब दिन सक्नेछ ।

८. कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन मर्मत सम्भार, व्यवस्थापन जोखिम र दिगोपनाका लागी गरिने कार्यहरु तथा अप्रत्यासित रुपमा श्रुजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हनेछ ।

९. दोस्रो पक्षले चौमासिक रुपमा कार्यक्रमको प्रगती उपलब्धी एवं कारोबार सम्बन्धी विवरणहरु स्थानिय तहको पशु सेवा शाखामा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

१०. कार्यक्रम संचालनको क्रममा कुनै विवाद आएमा दुबै पक्षको आपसी समझदारीमा समाधान गरिने छ।

| | |
|---|---|
| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| हस्ताक्षरः | हस्ताक्षर |
| नामः | नामः |
| पदः अध्यक्ष | पदःप्रमुख प्रसाशकिय अधिकृत |
| संस्थाको नामः | कार्यालयः |
| संस्थाको छापः | कार्यलयको छापः |

**अनुदानमा बाख्रा फार्म सुधार प्राप्त गर्न चाहने उपभोक्ताले पेश गर्ने निवेदनको ढाँचा**

मिति .........

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

चुरे गाउँपालिका घरखेडा, कैलाली

**विषयः बाख्रा फार्म सुधार कार्यक्रम अनुदानमा उपलब्ध गराई पाउँ ।**

**महोदय**

तहाँ कार्यालयको मिति................................ मा प्रकाशित .......................... कार्यक्रममा सहभागी हुन पाउँ भनि सुचना उल्लेख भए बमोजिमका कागजातहरु सहित यो निवेदन पेश गरेको छु ।

**संलग्न कागजातहरु**

१.

२.

निवेदक

दस्तखत

नाम

पद

छाप

# बाखा फार्म सुधार कार्यक्रम अनुदानको प्रस्ताव पत्र

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| सम्पर्क व्यक्तिको नाम | |
| मोबाईल नम्बर | |
| आवेदकको परिचय अनुभव तथा हाल सञ्चालन गरिरहेका क्रियाकलाप | |
| यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने प्रस्तावित क्रियाकलापहरु | |
| कार्यक्रमको जम्मा लागत रु | |
| अनुदान माग गरेको रु | |
| कार्यक्रम सञ्चालन गरिने स्थल | |
| अनुमानित विक्री बाखा संख्या | |
| पालन गरेको बाखा सख्या | माउ बाखा संख्याः<br>पाठापाठी संख्याः<br>खसी बोका संख्याः |

कार्यक्रम संचालन पश्चात प्राप्त हुने प्रतिफल

१.

२.

| लागत साझेदारी | | | | | | |
|---|---|---|---|---|---|---|
| क.स. | क्रियाकलापको नाम | इकाई | परिमाण | जम्मा लागत | आफ्नो लगानी | अनुदान |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| अनुमानित उत्पादन तथा बिक्रि आम्दानी | | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | उत्पादनको नाम | इकाई | परिमाण | दर | जम्मा उत्पादनको लागत मुल्य |
| | | | | | |
| | | | | | |
| | | | | | |

कार्यक्रमको दिगोपना तथा निरन्तरता

१.

२.

आज मिति २०८१ साल............महिना... गते का दिन यस चुरे गाउँपालिका अन्तर्गत आ.ब २०८१/०८घ को स्वीकृत कार्यक्रम अनुसार वाड नं. ......... को .................. योजना को अनुगमन समिति, गा.पा पदाधिकारीहरु, कार्यालय प्रमुख, प्राबिधिक, योजना शाखा र अन्य कर्मचारी बाट अनुगमन गर्दा तपसिल बमोजिम देखिन आएको व्यहोराको प्रतिबेदन गाउँपालिकामा पेश गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

अन्य उपस्थितिः

| क्र.स | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

अनुगमन गरिएका योजना र कार्यक्रमहरुको सन्तोषजनकरुपमा सम्पन्न भएको देखिन आएकाले रकम निकासाका लागी गाउँपालिकामा सिफारिस गर्ने निर्णय गरियो।

| क.स | योजना/कार्यक्रमको नाम | ठेगाना | उ.स को नाम | कामको किसिम | लागत अनुमान रु | | | | भुक्तानी दिनु पर्ने रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | गा.पा बाट | उ.स. बाट | अन्य | कुल जम्मा | |
| | | | | | | | | | |
| | | | | | | | | | |

# गाउँ कार्यपालिकाको कार्यालय

## घरखेडा, कैलाली

### सुदूरपश्चिम प्रदेश, नेपाल

टिप्पणी सं.ः- २०८१-०८२

बिषय ः- भुक्तानी सम्बन्धमा । मितिः २०८१/

टिप्पणी र आदेश श्रोत.....................

श्रीमान्

प्रस्तुत विषयमा चुरे गाउँपालिकाको आ.व २०८०/०८१ को गाउँ सभा/गाउँ कार्यपालिका/वडा समितिको निर्णय अनुसार छनौट भई वर्यान्वयन भएको तपसिल बमोजिमको योजनाको प्राबिधिकको कार्यसम्पन्न प्रतिवेदन, नापि किताब, बिल भर्पाई, अनुगमन समितिको अनुगमन प्रतिवेदन र ठेक्का बिलको आधारमा भुक्तानी दिन मनासिब देखिएकोले निर्णयार्थ पेश गर्दछु ।

योजना/कार्यक्रमको नाम :

योजनाको किसिम ः-

कार्यक्रम तथा योजना स्थल ः-

गाउँपालिका चुरे वा.नं. ...................... टोल....................

योजना सम्झौता मिति ः-............ सम्पन्न हुने मिति ः-........................ सम्पन्न भएको मिति ः-..............

योजनाको कुल लागत अनुमान रु. ः-...........................

गा.पा. को सम्झौता अनुसार व्यहोर्नु पर्ने रकम रु..................

दातृ संस्था ले व्यहोर्नु पर्ने रकम रु................

उपभोक्ता समितिले सम्झौता अनुसार व्यहोर्नु पर्ने रकम/श्रमदान .....

प्रथम किस्ता/पेश्की बार्फत रु..................दोस्रो किस्ता रनिङ बिल अनुसारको भुक्तानी भएको रकम रु.............. कट्टी

कुल जम्मा निकासा दिनु पर्ने रकम रु............

निकासा पेश्की/भुक्तानी पाउने उ.स को नाम ....................... ठेगाना ................

कन्टीजेन्सी वापत कटाउनु पर्ने रु.......

उपभोक्ता समिति एवं संस्थाको खाता भएको बैंक को नामः

खाता नं................ चल्ती/बचत

ठेगानाः

पेश गर्नेः

पेश

अनुसूची-४

(दफा ४ को उपदफा ३ संग सम्बन्धित।

राहत प्राप्त गर्न दिनु दिनु पर्ने निवेदनको ढांचा

मितिः.........................

श्री............................|

विषय : राहत सम्बन्धमा ।

महोदय,

मिति ....................... (समय समेत) मा आएको ....................... (प्राकृतिक विपद) बाट हाम्रो/मेरो ................मा आंशिक/पूर्ण क्षति पुगेकोले राहत पाउनका लागि तपशिल वमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु।

संलग्न कागजातहरु :

१. नेपाली नागरिकता/परिचय खुल्ने प्रमाण पत्रको छायाकपी थान-१

२. सम्बन्धित स्थानिय तह/वडा कार्यालयको सिफारिस थान-१

३. सम्बन्धित स्थानिय प्रहरी कार्यालयको मुचुल्का थान-१

४. प्राकृतिक विपदको घटनाको तस्विरहरु वा श्रब्यदृश्य सामाग्री

५. क्षतिको विस्तृत विवरण

निवेदक

दस्तखत :

नाम :

ठेगाना

सम्पर्क नं.:

संस्था भए पद र छापः

आज्ञाले
तेज बहादुर बोगटी
प्रमुख प्रशासकीय अधिकृत